# लिखु तामाकोशी गाउँपालिका

स्थानीय राजपत्र

खण्डः८ संख्याः ६ मितिः २०८१\१२\१७

भाग–२

## लिखु तामाकोशी गाउँपालिका

# लिखु तामाकोशी गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :**

लिखु तामाकोशी गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी, पारदशी एवं प्रभावकारी रुपमा प्रवाह गर्ने र सहायत प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, लिखु तामाकोशी गाउँपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी लिखु तामाकोशी गाउँपालिकाको कार्यपालिकाले यो कार्याविधि बनाई जारी गरेको छ ।

## १. आर्थिक सहायता प्रदान गर्न सकिने

तपशिलको अवस्थाका संस्था, व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाइ यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समितिको सिफारिसमा पालिका अध्यक्षले रु २०,००० सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।

क) बिरामी,

ख) अशक्त अपाङ्ग,

गः परिवारबाट विस्थापित सहाराविहीन,मानसीक रोगी एवं वृद्ध, वृद्धा

घ) अति विपन्न व्यक्तिहरु

ङ) प्राकृतिक विपत्ति तथा विपद मा परेका व्यक्तिहरु

च) पालिका अन्तर्गतका गैर सरकारी सामाजिक संघ संस्था (कार्यक्रमहरू सञ्चालनमा आर्थिक स्रोतको अभाव भई कार्यक्रम सञ्चालन गर्न असहज भएको पुष्टि भएमा कार्यक्रम सञ्चालन)

छ) जङ्गली जनावरको आक्रमणबाट घाइते वा मृत्यु भएमा

ज) अन्नबाली एवम् पशुधनको क्षति भएमा,

**२. आर्थिक सहायता प्रदान गर्ने तरिकाः**

२.१ लिखु तामाकोशी गाउँपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नेछ ।

क) सम्बन्धित व्यक्ति वा नीजको अभिभावक या नीजको सरक्षकको निवेदन र वडाको सिफारीस ।

ख) अपाङ्गको हकमा सम्बन्धित निकायबाट जारी अपाङ्ग परिचय पत्र र लिखु तामाकोशी गाउँ कार्यपालिकाको सामाजिक समितिको सिफारिस ।

ग) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र लिखु तामाकोशी गाउँ कार्यपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस ।

घ) अशक्त, सहाराविहीन बुद्ध, वृद्धा, अति विपन्न व्यक्तिहरुको लिखु तामाकोशी गाउँ कार्यपालिकाको सामाजिक समितिको सिफारिस ।

ङ) विरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जांच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी। यस्तो कागजात निवेदन दिने मिति भन्दा १ एक महिना पूरानो भएमा मान्य हुने छैन। साथै सम्वन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित लिखु तामाकोशी गाउँपालिकाको सामाजिक समितिको सिफारिस । तर, माथि जनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अडग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल बोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ। मेडिकल बोर्डको सिफारिस सहीत सहयोग माग भएको हकमा लिखु तामाकोशी गाउँ कार्यपालिकाको सामाजिक समितिको सिफारिस बमोजिम लिखु तामाकोशी गाउँपालिकाको कार्यपालिका बैठकमा पेश गरी निर्णय भए बमोजिम बढीमा रु ५०,०००/- सम्म सहयोग उपलब्ध गराउन सकिनेछ।

च) पालिका अन्तर्गतका गैर सरकारी सामाजिक संघ संस्थाहरूको हकमा, प्रस्तावनापत्र संस्थाको आधिकारिक सम्पूर्ण कागजातहरू र कार्यक्रमको सम्पन्न

प्रतिवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिसमा लिखु तामाकोशी गाउँ कार्यपालिकाको सामाजिक समितिको सिफारिस ।

छ) जङ्गली जनावरको आक्रमणबाट घाइते वा मृत्यु हुने नागरिकको हकमा प्रहरी सर्जमिन मुचुल्का र लिखु तामाकोशी गाउँ कार्यपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस ।

ज) अन्नबाली एवम् पशुधनको क्षति हुने नागरिकको हकमा प्रहरी सर्जमिन मुचुल्का र लिखु तामाकोशी गाउँ कार्यपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस ।

२. २ उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदन दर्ता लिखु तामाकोशी गाउँपालिकाले निवेदकको अवस्थाको गाम्भियंता प्रति विश्वस्त हुन आवश्यकता अनुसार सम्वन्धित वडा कायर्यालयको सिफारिस समेत माग गर्न सक्नेछ ।

## ३. स्वीकृत आर्थिक सहयोगको भुक्तानी

दफा १ र २ वमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले गाउँ सभाबाट विनियोजित पालिकाको आन्तरिक स्रोतबाट खर्च गर्ने गरी आर्थिक सहायता वा मिल्दो शीर्षकको बजेटबाट निवेदकलाइ निर्णयानुसारको आर्थिक सहयोग उपलव्ध गराउने व्यवस्था गर्नेछ ।

## ४. एक व्यक्तिलाइ एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिने

माथि जुनसुकै कुरा लेखिएको भएतापनि दफा २ को उपदफा 'ग' बमोजिमको सहयोग बाहेकको हकमा एक व्यक्तिलाइ एक आर्थिक वर्षमा एकपटक भन्दा बढी एकै शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराइने छैन।

**५. विविध**

**५.१ बाझिएमाः** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ।

**५.२ कारबाहीः** यस कार्यविधि विपरित आर्थिक सहयोग वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारीस तथा सहयोग गर्ने कर्मचारी तथा पदाधिकारी वाट असुल उपर गरिने छ ।

**५.३ यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** यस अघि यस लिखु तामाकोशी गाउँपालिकाबाट भएका वा दिइएका आर्थिक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०८१/१२/१७ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(रामसिंह डडाल)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/१२/१७